लघुवित्त वित्तीय संस्थाहरुको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन

आर्थिक वर्ष २०८१/८२

तेश्रो त्रयमास - २०८१ चैत

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

बिषय-सूची

खण्ड (१)

१. परिचय उद्देश्य तथा संख्यात्मक विवरण

१.१ परिचय
१.२ उद्देश्य
१.३. सीमा

खण्ड (२)

२. लघुवित्त वित्तीय संस्थाहरुको स्थिति

खण्ड (३)

३. निर्देशन पालना स्थिति

अनुसूचीहरु

क) Key Financial Indicators
ख) Sources and Uses
ग) Progress Report

खण्ड (१)

परिचय तथा उद्देश्य

१.१. परिचय

२०८१ चैत मसान्तसम्ममा ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुले यस विभागमा पेश गरेको आर्थिक वर्ष २०८१/८२ को तेश्रो त्रयमाससम्मको अपरिष्कृत वित्तीय विवरणको आधारमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०७४ को परिच्छेद ५ मा भएको व्यवस्था बमोजिम गैर-स्थलगत सुपरिवेक्षण (Off-site Supervision) गरी समग्र वित्तीय स्थितिको विश्लेषण तथा निर्देशन पालनाको अवस्था सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

१.२. उद्देश्य

(क) यस बैंकबाट वित्तीय कारोवार गर्न "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुको समग्र वित्तीय अवस्थाको विश्लेषण एवम् मूल्याङ्कन गर्ने ।

(ख) गैर-स्थलगत सुपरिवेक्षणबाट प्राप्त पूर्वसावधानी संकेत (Early Warning Signals) को आधारमा स्थलगत निरीक्षणको लागि सूचना प्राप्त गर्ने ।

(ग) लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण एवम् अन्य कागजातहरूको अध्ययनको आधारमा प्रचलित नियम कानुन तथा निर्देशनहरुको पालना भए/नभएको यकिन गर्ने ।

१.३. सीमा

(क) प्रतिवेदनमा २०८१ चैत मसान्तमा सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरुको अपरिष्कृत वित्तीय विवरण समावेश गरिएको छ ।

(ख) अनुपालनाको सन्दर्भमा यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा भएको व्यवस्थाको अनुपालना स्थितिलाई उल्लेख गरिएको छ ।

खण्ड (२)
लघुवित्त वित्तीय संस्थाहरुको स्थिति

२.१ पहुँच

२०८१ चैत मसान्तसम्ममा ५२ वटा लघुवित्त वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन् । ५२ वटा लघुवित्त वित्तीय संस्थाहरुमध्ये ३ वटा थोक कर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ४९ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन् । **लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या पछिल्लो समय घटेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तेश्रो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या ०.१६ प्रतिशतले घटेकोमा यस आर्थिक वर्षको तेश्रो त्रयमास सम्ममा १.०८ प्रतिशतले घटेको देखिन्छ ।** २०८१ असार मसान्तको तुलनामा २०८१ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको सदस्य संख्या २.७९ प्रतिशतले बढेर ६१ लाख ६२ हजार पुगेको छ ।

तालिका २.१: लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन (२-१)/(१) *१००	प्रतिशत परिवर्तन (४-३)/(३) *१००
कुल संस्था संख्या	५७	५५	५२	५२		
राष्ट्रिय स्तरका संस्था*	४२	४१	३९	३९		
क्षेत्रीय/जिल्ला स्तरका संस्था	४	४	४	४		
प्रादेशिकस्तरका संस्था	११	१०	९	९		
कुल शाखा संख्या	५,०७३	५,०६५	५,०१२	४,९५८	(०.१६)	(१.०८)
कार्य क्षेत्र रहेको जिल्ला	७७	७७	७७	७७	-	-
कुल केन्द्र संख्या (हजारमा)	४४६	४५६	४५९	४६९	२.३२	२.१८
कुल समूह संख्या (हजारमा)	१,३९१	१,४२२	१,४१६	१,४६२	२.२५	३.२३
कुल सदस्य संख्या (हजारमा)	६,०१६	६,००५	५,९९५	६,१६२	(०.१८)	२.७९
कुल ऋणी संख्या (हजारमा)	२,९८४	२,६६२	२,६६४	२,६९६	(१०.८०)	१.१८
कुल कर्मचारी संख्या	२२,४९३	२१,८०२	२१,७२७	२१,५०६	(३.०७)	(१.०२)

उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ३ रहेको छ ।

चार्ट २.१: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा उपस्थिति (प्रतिशतमा)



प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०८१ चैत मसान्तमा उक्त प्रदेशमा कुल शाखा संख्याको २१.९६ प्रतिशत (१०८९ शाखा) रहेको छ । पहुँचका हिसावले कर्णाली प्रदेशमा लघुवित्त संस्थाको उपस्थिति न्यून रहेको देखिन्छ । उक्त प्रदेशमा कुल शाखा संख्याको ४.८२ प्रतिशत मात्रै शाखाहरु (२३९ शाखा) रहेका छन् ।

२.२ पुँजीकोष

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ । यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. १/०८१ मा लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ । २०८१ चैत मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः १०.४८ प्रतिशत र ११.९० प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी ६.८७ प्रतिशतले र जोखिम भारित सम्पत्ति ६.८४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः ४.२९ प्रतिशत र ५.३२ प्रतिशतले बढेको थियो ।

तालिका २.२: पुँजीकोष सम्बन्धी विवरण

(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१) *१००	(४-३)/(३) *१००
चुक्ता पुँजी	३,४३८.८०	३,५८६.४५	३,५८३.५१	३,८२९.५६	४.२९	६.८७
प्राथमिक पुँजी	५,५९७.८१	५,४०७.०६	५,७४०.७७	५,७४०.८९	(३.४१)	०.००
पुँजी कोष	६,२२५.००	६,०३९.८४	६,३९०.६८	६,५१६.०१	(२.९७)	१.९६
जोखिम भारित सम्पत्ति	४६,६९५.२८	४९,१८१.३३	५१,२५४.२०	५४,७५८.६७	५.३२	६.८४
प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	**११.९९**	**१०.९९**	**११.२०**	**१०.४८**		
पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)	**१३.३३**	**१२.२८**	**१२.४७**	**११.९०**		

२.३ वित्तीय श्रोत संकलन

थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा ह्रास आएको छ । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय श्रोत पुँजी र सापटी रहेको छ । २०८१ चैत मसान्तमा थोक लघुवित्त वित्तीय संस्थाहरूले रु.४१ अर्ब ९२ करोड वित्तीय श्रोत संकलन गरेका छन् जुन २०८१ असार मसान्तको तुलनामा १०.३४ प्रतिशतले कम हो । आर्थिक वर्ष २०८०/८१ को तेश्रो त्रयमाससम्ममा वित्तीय श्रोत संकलनमा ११.७१ प्रतिशतले कमी आएको थियो । लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ । २०८१ चैत मसान्तमा यी संस्थाहरुको वित्तीय श्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ३.८५ गुणा मात्र रहेको छ ।

तालिका २.३ : वित्तीय श्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/१)*१००	(४-३)/३)*१००
(क) बचत	१८५.५६	१९२.०७	२८३.८९	२८८.८८	३.५१	१.७६
(ख) सापटी	५,०८९.०७	४,४६५.०२	४,३९१.५०	३,९०३.०६	(१२.२६)	(११.१२)
कुल वित्तीय श्रोत संकलन	**५,२७४.६२**	**४,६५७.०९**	**४,६७५.३९**	**४,१९१.९५**	**(११.७१)**	**(१०.३४)**
प्राथमिक पुँजी (अघिल्लो त्रयमास)	९६४.८३	१,००४.५४	१,०२२.५०	१,०८८.९७		
वित्तीय श्रोत संकलन/प्राथमिक पुँजी अनुपात(गुणा)	५.४७	४.६४	४.५७	३.८५		

खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले बचत/निक्षेप र सापटी रकम बढाएका छन् । २०८१ चैत मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले बचत/निक्षेप संकलन रू. १ खर्ब ८८ अर्ब ४७ करोड र सापटी रू. १ खर्ब ९७ अर्ब ७० करोड गरी जम्मा रू. ३ खर्ब ८६ अर्ब १७ करोड वित्तीय श्रोत संकलन गरेका छन् । कुल वित्तीय श्रोत संकलन रकम अघिल्लो आर्थिक वर्ष २०८०/८१ को तेश्रो त्रयमासमा ७.६४ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्षको तेश्रो त्रयमासमा भने ७.०८ प्रतिशतले मात्र बढेको छ । लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको मा २०८१ चैत मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय श्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ८.६५ गुणा मात्र पुगेको छ (तालिका २.४) ।

तालिका २.४: वित्तीय श्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
(क) बचत	१६,५२३.७१	१७,०७४.०१	१७,३८२.१९	१८,८४६.७९	३.३३	८.४३
(ख) सापटी	१६,३३४.७४	१८,२९६.०१	१८,६८३.१०	१९,७७०.२०	१२.०१	५.८२
कुल वित्तीय श्रोत संकलन	**३२,८५८.४५**	**३५,३७०.०२**	**३६,०६५.२९**	**३८,६१६.९८**	**७.६४**	**७.०८**
प्राथमिक पुँजी (अघिल्लो त्रयमास)	४,५५८.०९	४,३२१.३०	४,२९१.१५	४,४६३.२०		
वित्तीय श्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)	**७.२१**	**८.१९**	**८.४०**	**८.६५**		

२.४ कर्जा तथा सापटी

२०८१ चैत मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकममा ह्रास आएको छ भने निष्क्रिय कर्जा रकममा भने वृद्धि भएको छ । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८१ असार मसान्तको तुलनामा ११.४९ प्रतिशतले ह्रास आई २०८१ चैत मसान्तमा रू. ४७ अर्ब ६७ करोडमा सीमित भएको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा रु. १ अर्ब ४० करोड अर्थात २.९३ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ०.७१ प्रतिशत रहेको थियो भने २०८० चैत मसान्तमा यस्तो अनुपात २.५९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जा १३ प्रतिशतले बढेको छ भने सक्रिय कर्जा १२.०६ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको सोही अवधिमा निष्क्रिय कर्जा २३१.०५ प्रतिशतले बढेको थियो भने सक्रिय कर्जा ११.३० प्रतिशतले घटेको थियो ।

तालिका २.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/३)*१००
सक्रिय कर्जा	५,९८८.१९	५,३११.६६	५,२६१.६६	४,६२६.८८	(११.३०)	(१२.०६)
निष्क्रिय कर्जा	४२.६०	१४१.०४	१२३.७०	१३९.७९	२३१.०५	१३.००
कुल कर्जा तथा सापट	**६,०३०.७९**	**५,४५२.७१**	**५,३८५.३६**	**४,७६६.६६**	**(९.५९)**	**(११.४९)**
निष्क्रिय कर्जा अनुपात	**०.७१**	**२.५९**	**२.३०**	**२.९३**		

२०८१ चैत मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको निष्क्रिय कर्जा रकममा उल्लेख्य वृद्धि भएको छ भने कुल कर्जा तथा सापटमा सामान्य वृद्धि भएको छ । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०८१ असार मसान्तको तुलनामा ८.१८ प्रतिशतले बढेर २०८१ चैत मसान्तमा रु.४ खर्ब ३४ अर्ब ८७ करोड पुगेको देखिन्छ । यसैगरी, २०८१ चैत मसान्तमा निष्क्रिय कर्जा रु.३१ अर्ब ५३ करोड अर्थात ७.२५ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ६.१७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर २७.०४ प्रतिशत रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा ४६.६४ प्रतिशतले बढेको थियो ।

तालिका २.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/ १) *१००	(४-३)/ ३)*१००
सक्रिय कर्जा	३५,१४१.१०	३६,८४९.७४	३७,७१६.२३	४०,३३३.७०	४.८६	६.९४
निष्क्रिय कर्जा	२,०५१.८५	३,००८.८२	२,४८२.१२	३,१५३.१७	४६.६४	२७.०४
कुल कर्जा तथा सापट	**३७,१९२.९५**	**३९,८५८.५६**	**४०,१९८.३४**	**४३,४८६.८७**	**७.१७**	**८.१८**
निष्क्रिय कर्जा अनुपात	**५.५२**	**७.५५**	**६.१७**	**७.२५**		

२०८१ चैत मसान्तमा क्षेत्रगत कर्जा प्रवाहतर्फ लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सामा सामान्य वृद्धि भएको छ । २०८१ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको ५२.६६ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । कृषि क्षेत्रमा २०८१ असार मसान्तमा ४९.८१ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०८१/८२ को तेश्रो त्रयमासमसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामध्ये सेवा व्यवसाय क्षेत्रमा २३.१९ प्रतिशत, थोक कर्जामा ९.८८ प्रतिशत, घरेलु तथा लघु उद्योग क्षेत्रमा ३.५१ प्रतिशत तथा अन्य क्षेत्रमा १०.७७ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ ।

तालिका २.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण

कर्जा विवरण	२०८१ असार (रु. करोडमा)	२०८१ असार (प्रतिशत)	२०८१ चैत (रु. करोडमा)	२०८१ चैत (प्रतिशत)
कृषि	२२,७०४.३२	४९.८१	२५,४११.४०	५२.६६
घरेलु तथा लघु उद्योग	१,९१०.०३	४.१९	१,६९१.४७	३.५१
सेवा व्यावसाय	११,०४८.३४	२४.२४	११,१८८.८२	२३.१९
थोक कर्जा	५,३८५.३६	११.८१	४,७६६.६६	९.८८
अन्य	४,५३५.६५	९.९५	५,१९५.१७	१०.७७
जम्मा	**४५,५८३.७१**	**१००.००**	**४८,२५३.५३**	**१००.००**

२०८१ चैत मसान्तमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था बढेको छ । २०८१ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा १०.५४ प्रतिशतले बढेर रू. २ अर्ब १९ करोड पुगेको छ । जसमध्ये, निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा २७.९९ प्रतिशतले वृद्धि भई रु.१ अर्ब २७ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको तेश्रो त्रयमासमा कुल कर्जा नोक्सानी व्यवस्था रकम ३२.२६ प्रतिशतले र निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था रकम १६४.४३ प्रतिशतले बढेको थियो ।

तालिका २.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	११४.०४	९४.९५	९९.६३	९२.८८	(१६.७४)	(६.७७)
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	४२.२७	१११.७८	९८.८४	१२६.५१	१६४.४३	२७.९९
कुल कर्जा नोक्सानी व्यवस्था	**१५६.३१**	**२०६.७४**	**१९८.४८**	**२१९.३९**	**३२.२६**	**१०.५४**
कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)	**२.५९**	**३.७९**	**३.६९**	४.६०		

२०८१ चैत मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ । २०८१ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा ३१.२८ प्रतिशतले बढेर रू. २६ अर्ब २४ करोड पुगेको छ । जसमध्ये, निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था २०८१ असार मसान्तको तुलनामा १७.८५ प्रतिशतले वृद्धि भई रु.१५ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको तेश्रो त्रयमासमा कुल कर्जा नोक्सानी व्यवस्था रकम २५.५४ प्रतिशतले र निष्क्रिय कर्जामा गरिएको नोक्सानी व्यवस्था रकम ३८.७९ प्रतिशतले बढेको थियो ।

तालिका २.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/३)*१००
सक्रिय कर्जामा नोक्सानी व्यवस्था	६,२७.४२	६,४६.३४	६,६६.३०	१०,५३.६४	३.०१	५८.१३
निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था	१०,६६.४५	१४,८०.०८	१३,३२.८०	१५,७०.७४	३८.७९	१७.८५
कुल कर्जा नोक्सानी व्यवस्था	**१६,९३.८८**	**२१,२६.४२**	**१९,९९.११**	**२६,२४.३८**	**२५.५४**	**३१.२८**
कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात)	**४.५५**	**५.३३**	**४.९७**	**६.०३**		

२०८१ चैत मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जामा केही ह्रास आएको छ भने लघु व्यवसाय कर्जामा वृद्धि भएको देखिन्छ । २०८१ चैत मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात १६.८० प्रतिशत रहेको छ । यस्तो अनुपात २०८१ असार मसान्तमा १८.९९ प्रतिशत रहेको थियो । साथै, लघु व्यवसाय कर्जाको अंश २०८१ असार मसान्तमा ७१.६६ प्रतिशत रहेकोमा २०८१ चैत मसान्तमा ७५.५९ प्रतिशत पुगेको छ ।

तालिका २.१०: कुल कर्जामा धितो कर्जाको अनुपात (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
धितो कर्जा	७,६१५.२७	८,२८७.२१	७,६३५.५७	७,३०७.०७	८.८२	(४.३०)
लघु व्यवसाय कर्जा	२६,८०६.४९	२७,८५९.५६	२८,८०७.५०	३२,८७२.०३	३.९३	१४.११
अन्य कर्जा	२,७७१.१९	३,७११.७९	३,७५५.२७	३,३०७.७७	३३.९४	(११.९२)
कुल कर्जा तथा सापट प्रदान	३७,१९२.९५	३९,८५८.५६	४०,१९८.३४	४३,४८६.८७	७.१७	८.१८
धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	**२०.४८**	**२०.७९**	**१८.९९**	**१६.८०**		
लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत)	**७२.०७**	**६९.९०**	**७१.६६**	**७५.५९**		
अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत)	**७.४५**	**९.३१**	**९.३४**	**७.६१**		

२.५ लगानी

लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा कमी आएको छ । २०८१ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी २०८१ असार मसान्तको तुलनामा २.५६ प्रतिशतले घटेर रु. ९ अर्ब ९३ करोड मा सीमित भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी १७.०२ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०८१ चैत मसान्तसम्म रु. ८ अर्ब ५ करोड लगानी गरेका छन् जुन रकम २०८१ असार मसान्तको तुलनामा २.३२ प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम २७.३५ प्रतिशतले बढेको थियो ।

तालिका २.११: लगानी विवरण

(रु. करोडमा)

कर्जा विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
सरकारी सुरक्षणपत्र	१०५.९४	८८.२७	९६.९०	८४.३४	(१६.६८)	(१२.९७)
शेयर तथा डिबेन्चर	१०.११	९.७६	९.२९	७.५१	(३.४४)	(१९.१८)
मुद्दती निक्षेप	७२८.४८	९२७.७३	८२३.८१	८०४.६९	२७.३५	(२.३२)
अन्य लगानी	८९.७१	६७.४५	८९.०९	९६.४५	(२४.८१)	८.२६
जम्मा लगानी	**९३४.२३**	**१,०९३.२२**	**१,०१९.१०**	**९९२.९९**	**१७.०२**	**(२.५६)**

२.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

२०८१ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै बढेको छ । उक्त अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ५ खर्ब ९० अर्ब ४ करोड पुगेको छ, जुन २०८१ असार मसान्तको तुलनामा १०.९६ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति ६.३८ प्रतिशतले बढेको थियो । २०८१ चैत मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९२.८० प्रतिशत रहेको छ जुन २०८१ असार मसान्तमा ९६.३९ प्रतिशत रहेको थियो ।

तालिका २.१२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण

(रु.करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
कुल सम्पत्ति	४८,९२४.०५	५२,०४७.०७	५३,१७५.१५	५९,००४.०३	६.३८	१०.९६
जोखिम भारित सम्पत्ति	४६,६९५.२८	४९,१८१.३३	५१,२५४.२०	५४,७५८.६७	५.३२	६.८४
जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत)	**९५.४४**	**९४.४९**	**९६.३९**	**९२.८०**		

२.७ मुनाफा स्थिति

समीक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको तेश्रो त्रयमासको तुलनामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा वृद्धि भएको छ । २०८१ चैत मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रु. ३ अर्ब १४ करोड र ब्याज खर्च रु. १ अर्ब ४१ करोड रहेको छ । समीक्षा अवधिमा यस्ता लघुवित्त वित्तीय संस्थाहरुले रु.८४ करोड खुद मुनाफा गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको तेश्रो त्रयमाससम्मको तुलनामा ८.५६ प्रतिशतले बढी हो ।

तालिका २.१३ः मुनाफा स्थिति (थोक कर्जा प्रदायक)

(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(३-१)/(१)*१००	(४-२)/(२)*१००
ब्याज आम्दानी	५४०.२८	४४९.१५	५८७.४७	३१३.५६	८.७३	(३०.१९)
ब्याज खर्च	३०३.८९	२४८.४५	३११.८८	१४१.४१	२.६३	(४३.०८)
सञ्चालन आम्दानी	२४५.५७	२०४.७५	२८०.२७	१७४.७५	१४.१३	(१४.६५)
खुद नाफा/नोक्सान	१११.३९	७७.६०	१२५.४९	८४.२४	१२.६६	८.५६

समीक्षा अवधिमा अघिल्लो आर्थिक बर्षको सोही अवधिको तुलनामा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा उल्लेख्य वृद्धि भएको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको २०८० चैत मसान्तमा खुद मुनाफा रु.१ अर्ब ८८ करोड रहेकोमा २०८१ चैत मसान्तमा ८१.७५ प्रतिशतले वृद्धि भई खुद मुनाफा रु.३ अर्ब ४१ करोड पुगेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको ब्याज आम्दानी रु.४० अर्ब ४८ करोड र ब्याज खर्च रु.२१ अर्ब ७८ करोड रहेको छ (तालिका २.१४)। **यस अवधिमा सञ्चालनमा रहेका ४९ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ८ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।**

तालिका २.१४ः मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(३-१)/(१)*१००	(४-२)/(२)*१००
ब्याज आम्दानी	५,६२७.८८	३,९३७.९४	५,३११.५९	४,०४८.१३	(५.६२)	२.८०
ब्याज खर्च	३,३९२.६७	२,४२१.९७	३,१२२.२८	२,१७७.७१	(७.९७)	(१०.०९)
सञ्चालन आम्दानी	२,६८३.८४	१,९११.७८	२,६७०.३७	२,२५०.१३	(०.५०)	१७.७०
खुद नाफा/नोक्सान	३०२.३६	१८७.८५	५१४.८७	३४१.४१	७०.२८	८१.७५

२.८ तरलता स्थिति

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा ह्रास आएको छ। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०८१ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०८१ असारको तुलनामा २८.२३ प्रतिशतले घटेर रु. ५ अर्ब ५१ करोड कायम भएको छ।

तालिका २.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)

(रू.करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
नगद	४.११	५.६३	५.३५	४.९६	३६.९४	(७.३२)
नेपाल राष्ट्र बैंक मौज्दात	१३८.९९	१३७.४४	१३१.३२	१५२.३४	(१.१२)	१६.०१
बैंक तथा बित्तीय संस्था मौज्दात	४०५.७८	४२१.७६	५३४.४५	३०९.५९	३.९४	(४२.०७)
सरकारी सुरक्षणपत्रमा लगानी	७९.१६	८८.२७	९६.९०	८४.३४	११.५१	(१२.९७)
कुल तरल सम्पत्ति	**६२८.०४**	**६५३.०९**	**७६८.०२**	**५५१.२३**	**३.९९**	**(२८.२३)**
कुल बचत तथा निक्षेप (अघिल्लो महिनाको औषत)	४,९२८.६१	५,१३३.७२	५,२६९.५२	५,७३२.००		
तरल सम्पत्ति/ कुल बचत तथा निक्षेप(प्रतिशत)	**१२.७४**	**१२.७२**	**१४.५७**	**९.६२**		
वैधानिक तरलता अनुपात	**४.५०**	**४.४०**	**४.३७**	**४.००**		
अनिवार्य मौज्दात अनुपात	**३.५४**	**३.४९**	**३.७४**	**३.२५**		

२०८१ चैत मसान्तमा तरल सम्पत्ति/कुल बचत तथा निक्षेप अनुपात ९.६२ प्रतिशत रहेको छ । २०८१ असार मसान्तमा यस्तो अनुपात १४.५७ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८१ चैत महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४ प्रतिशत र ३.२५ प्रतिशत रहेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ।

तालिका २.१६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

(रू.करोडमा)

विवरण	२०८० असार (१)	२०८० चैत (२)	२०८१ असार (३)	२०८१ चैत (४)	प्रतिशत परिवर्तन	
					(२-१)/(१)*१००	(४-३)/(३)*१००
नगद	४५.३१	३६.०३	३७.०५	२७.२६	(२०.४९)	(२६.४२)
नेपाल राष्ट्र बैंक मौज्दात	९४.५५	९१.७७	१०२.६३	१०४.५५	(२.९४)	१.८७
बैंक तथा वित्तीय संस्था मौज्दात	२,००७.५९	१,९५५.५९	२,६४८.३५	२,९८६.६३	(२.५९)	१२.७७
सरकारी सुरक्षणपत्रमा लगानी	२६.७८	-	-	-	०.००	-
कुल तरल सम्पत्ति	**२,१७४.२३**	**२,०८३.३९**	**२,७८८.०४**	**३,११८.४५**	**(४.१८)**	**११.८५**
कुल बचत (अघिल्लो महिनाको औषत)	११,९१८.२९	११,८०४.१०	११,९९६.५६	१३,०९४.७३		
तरल सम्पत्ति/ कुल बचत (प्रतिशत)	**१८.२४**	**१७.६५**	**२३.२४**	**२३.८१**		
अनिवार्य मौज्दात अनुपात	**०.६३**	**०.५७**	**०.५७**	**०.६३**		

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा वृद्धि भएको छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८१ चैत मसान्तमा तरल सम्पत्ति २०८१ असारको मसान्तको तुलनामा ११.८५ प्रतिशतले वृद्धि भई रु.३१ अर्ब १८ करोड पुगेको छ । २०८१ असार मसान्तमा २३.२४ प्रतिशत रहेको तरल सम्पत्ति/कुल बचत अनुपात २०८१ चैत मसान्तमा बढेर २३.८१ प्रतिशत पुगेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात बढेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८१ चैत महिनाको अनिवार्य मौज्दात अनुपात ०.६३ प्रतिशत रहेको छ (तालिका २.१६) । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्थाहरु मध्ये सुपर लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात तोकिएको दरभन्दा माथि नै रहेको छ ।

खण्ड (३)

निर्देशन पालनाको स्थिति

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु अन्तर्गत पुँजीकोष, वित्तीय श्रोत संकलन, अनिवार्य मौज्दात, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, प्रति ग्राहक कर्जा सीमा, ब्याजदर सम्बन्धी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था आदिको निर्देशन पालना सम्बन्धमा विभिन्न वित्तीय संस्थाहरुको स्थिति यस खण्डमा विश्लेषण गरिएको छ ।

३.१ पुँजीकोष अनुपात

यस बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थाहरूले कुल जोखिम भारित सम्पत्तिको ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८१ चैत मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा सुपर लघुवित्त वित्तीय संस्था लि. को पुँजीकोष ८ प्रतिशत भन्दा कम रहेको देखिन्छ । सुपर लघुवित्त वित्तीय संस्थालाई शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०७४ को विनियम ३ बमोजिमको कारवाही गरिएको छ । अन्य ५१ वटा लघुवित्त वित्तीय संस्थाहरूले पुँजीकोष सम्बन्धी उक्त निर्देशनको पालना गरेको देखिन्छ ।

३.२ वित्तीय श्रोत संकलन

अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय श्रोत संकलन गर्न पाउने विद्यमान व्यवस्था रहेकोमा २०८१ चैत मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

(क) सक्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८१ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाका लागि १ प्रतिशत र सुक्ष्म निगरानी र पुनरसंरचना/पुर्नतालीकिकरण कर्जाका लागि ५ प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था वापत कायम गरेको देखिन्छ । साथै, सक्रिय कर्जाका लागि कुल कर्जा रकमको २.३८ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

(ख) निष्क्रिय कर्जा नोक्सानी व्यवस्था

यस बैंकको निर्देशन बमोजिम २०८१ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाले निष्क्रिय कर्जालाई कमसल, शंकास्पद र खराब कर्जामा वर्गीकरण गरी क्रमशः २५, ५० र १०० प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८१ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा निष्क्रिय कर्जा अनुपात ६.८२ प्रतिशत रहेको देखिन्छ । साथै निष्क्रिय कर्जाका लागि कुल कर्जा रकमको ३.५२ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८१ चैत मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले रु.२८ अर्ब ४४ करोड बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेका छन् । उक्त रकम कुल बाँकी कर्जाको ५.८९ प्रतिशत र निष्क्रिय कर्जाको ८६.३६ प्रतिशत रहेको देखिन्छ ।

३.४ धितो कर्जा र कुल कर्जा अनुपात

खुद्रा कर्जा कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुले प्रदान गरेको कुल कर्जाको एक-तिहाई (३३.३३ प्रतिशत) मा नबढ्ने गरी धितो लिई लघु उद्यम कर्जा प्रदान गर्नसक्ने व्यवस्था रहेकोमा २०८१ चैत मसान्तमा धितो कर्जा कुल कर्जाको १६.८० प्रतिशत रहेको देखिन्छ ।

३.५ कृषि क्षेत्रमा कुल कर्जाको अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ अनुसार संस्थाले अनिवार्य रुपमा आफ्नो कुल कर्जाको एक तिहाइ कर्जा कृषि क्षेत्रमा प्रवाह गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा समीक्षा अवधिमा सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.६ अनिवार्य मौज्दात अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत तथा सापटी रकमको ०.५० प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८१ चैत मसान्तमा सुपर लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

३.७ तरल सम्पत्ति अनुपात

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ अनुसार सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २.५ प्रतिशत तरल सम्पत्ति अनुपात तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत तथा निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८१ चैत मसान्तमा सुपर लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै लघुवित्त वित्तीय संस्थाहरुले सो व्यवस्थाको पालना गरेको देखिन्छ ।

३.८ निक्षेप/बचतको ब्याजदर सम्बन्धमा

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ मा भएको व्यवस्था अनुसार लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुने गरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

३.९ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८१ को निर्देशन नं. ९ मा भएको व्यवस्था बमोजिम २०८१ चैत मसान्तसम्ममा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले तोकिएका आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाइरहेको देखिन्छ ।

-o-